# राइनास नगरपालिका

तीनपिप्ले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

# दशौं नगर सभा–२०७९

आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

२०७९ असार १०, शुक्रवार

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, बेपत्ता, घाइते योद्धाहरु र पीडितहरु प्रति सर्वप्रथम उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। साथै पहिलो र दोश्रो चरणको कोभिड–१९ को माहामारीमा परिवारका सदस्य गुमाएका परिवारजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दै संक्रमणबाट गुज्रीरहेका सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । कोभिड–१९ को माहामारीबाट प्रभावित आर्थिक सामाजिक क्षेत्रका गतिविधिलाई गतिशिल बनाउने र विश्व अर्थतन्त्रमा लगानी र बजारमुल्यमा आएको उतारचढाव र अस्थिरता, इन्धन मूल्यमा आउन सक्ने अस्वभाविक वृद्धि र जलवायु परिवर्तनको असर नेपाली अर्थतन्त्रमा समेत परेकोले अर्थतन्त्रको पुनरुत्थान समेतलाई दृष्टिगत गरी आज आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम लिएर यहाँहरु बीच सार्वजनिक गर्न उपस्थित भएको छु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि नेपालको संविधान बमोजिम २०७९ बैशाख ३० गते निर्वाचित हामी जनप्रतिनीधिहरुको दोस्रो कार्यकालको जिम्मेवारी ग्रहण गरेका छौं। नेपालकै ऐतिहासिक धरोहर बोकेको राइनास नगरपालिकाद्धारा आयोजित यस प्रथम नगरसभामा नगर प्रमुखको हैसियतले आ. व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमलाई सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुशी छु। यस ऐतिहासिक गरिमामय समारोहमा उपस्थित उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण सभासद्हरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु, नियमित नीति र कार्यक्रमहरुलाई नजिकबाट नियालिरहनु हुने सबै नगरबासी आमा बुबा दाजुभाई, दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

**नगर सभासदज्यूहरु,**

नेपालको ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक पहिचान सहितको लमजुङ जिल्लामा अवस्थित राइनास नगरपालिका अत्यन्तै सम्भावनायुक्त भएपनि अपेक्षाकृत विकासको अभियान अगाडि बढाउन सकिएको छैन। कोभिड–१९ र त्यसको दीर्घकालिन असरका कारण देखापरेको विकास निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन, वितरण र सेवा प्रवाहमा देखिएका चुनौतिहरु सामना गर्न संघ, प्रदेश र स्थानीय सरकार जुटिरहेको यस विषम परिस्थितिमा हामीले आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं। स्थानीयस्तरको विकास र समृद्धिका लागि सबै प्रकारका विभेद, बञ्चितिकरण र असमानताको अन्त्य गरी नगरवासिहरुमा समन्यायिक, समतामूलक र समृद्ध समाज निर्माण गर्न राइनास नगरपालिका प्रतिबद्ध रहेको छ। स्थानीय नागरिकको विकासको चाहना, जननिर्वाचित प्रतिनिधि मार्फत मुखारित जनभावना र विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझावहरुलाई आत्मसात गरी संघ, प्रदेश र आन्तरिक आय समेतको उपलब्ध श्रोत साधनहरुको विनियोजन कुशलता र कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्दै यस राइनास नगरपालिकाले आ. व. २०७९/८० का लागि नीति तथा कार्यक्रम तय गरी गरीमामय सभामा प्रस्तुत गर्दै छु।

**नगर सभासदज्यूहरु,**

यो ऐतिहासिक अवसरमा सम्मानित सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा विगतका नगर प्रमुख, उप प्रमुख लगायतका जनप्रतिनिधीबाट सम्पादन भएका सफल कामहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक आभार व्यक्त गर्दछु। उहाँहरुले स्थापित गर्नुभएको शासन, सेवा र विकास सम्बन्धि मूल्य मान्यतालाई सुधार गर्दै राइनासको दिगो विकासको यात्रा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।

**नगर सभासदज्यूहरु,**

नेपालको संविधान, प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकारको आ. व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु नै आवश्यकता पहिचानका मुख्य आधारकारुपमा लिइएकोछ। कृषिमा व्यवसायिकिकरण आधुनिकरण, दिगो र गुणस्तरीय पूर्वाधार, स्वास्थ्य, शिक्षा, खानेपानीमा सबैको पहूँच, उत्पादन र रोजगारी प्रवर्द्धन मार्फत गरिबी निवारणलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा आवश्यक स्रोत तथा साधन विनियोजन गर्दै कार्यन्वयनमा जानुपर्ने आजको आवश्यकता रहेको छ। सिमित स्रोतबाट बढ्दो विकास प्रतिको चाहना र निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु क्रमशः पुरा गर्न यो नीति तथा कार्यक्रमले सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु।

**नगर सभासदज्यूहरु,**

अब म चालु आ. व. २०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

**आर्थिक क्षेत्र**

१. कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडि बढाइने छ। कृषि क्षेत्रको उत्पादन लागत घटाउन, उत्पादकत्व बढाई बजार सुनिश्चित गरी कृषि पेशालाई मर्यादित एवं व्यवसायिक पेशाको रुपमा विकास गर्न उत्पादनमा आधारित अनुदान, यान्त्रिकरण, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा कार्यक्रम, कृषि उपज संकलन केन्द्र, रैथाने वाली संरक्षण कार्यक्रम, नश्ल सुधार कार्यक्रम, एक वडा एक कृषि प्राविधिक, एक गाऊँ एक उत्पादनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

२. एक वडा एक प्रमुख खाद्यान्न बाली र पशुपालनलाई अभियानकै रुपमा सञ्चालन गर्न वडा नं. १, २ ३ र ४ को राइनासटार सिंचाई नहर माथिको क्षेत्रलाई मकै, बाख्रापालन र तल्लो क्षेत्रलाई दुध, धानवाली उत्पादन; वडा नं. ५ लाई दुध, धानवाली र मसलावाली; वडा ६, ७ र ८ लाई धानवाली, दुध उत्पादन, बङ्गुर पालन, मत्स्य पालन र वडा नं. ८ को उपल्लो क्षेत्र, वडा नं. ९ र १० लाई बाख्रा, मौरी र फलफूलको पकेट क्षेत्र घोषणा गरी सघन कृषि कार्यक्रम सञ्चालन गरिने छ।

३. कृषि अनुदानलाई प्रत्यक्ष उत्पादनसँग आवद्ध गराउन र अवास्तविक कृषकले अनुदान पाउने प्रवृत्तिलाई निरुत्साहित गर्न परीक्षणको रुपमा दुध उत्पादनमा प्रति लिटर रु. ३ र कोदो उत्पादनमा परिमाणको न्युनतम बजार मुल्यमा २५ प्रतिशत सम्म नगद अनुदान दिइनेछ ।पशुपालक कृषकहरुलाई लक्षित गरि दशै तिहार हाट बजार कार्यक्रम आयोजना गरिनेछ तथा उक्त हाट बजारमा खसि बोका भेडा विक्रि गर्दा प्रति किलो रु. २० अनुदान प्रदान गरिने छ।सोही अनुसार आगामी वर्षहरुमा अन्य कुखुरा वंगुर लगायतका पशुपालक कृषकहरुलाई समेत यस्तै प्रकारका उत्पादनमा आधारित अनुदान कार्यक्रम थप गरिदै लगिने छ।

४. भूमिको उत्पादन र उत्पादकत्व बढाउन भूमिको अव्यवस्थित खण्डिकरणलाई निरुत्साहित गर्दै व्यवस्थित एवं वैज्ञानिक चक्लावन्दीलाई प्रोत्साहन गर्न भुउपयोग नीति कार्यान्वयनमा ल्याइनेछ। वडा नं. ५ मा नमूनाको रुपमा खेतियोग्य जमिनको वैज्ञानिक चक्लावन्दी कार्यक्रम सञ्चालन गरिनेछ। भौगोलिक विविधतामा रहेका प्राकृतिक श्रोत संसाधन जैविक विविधता तथा औषधीजन्य प्राकृतिक जडिवुटीहरुको पहिचान, संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिने छ।

५. जग्गा भएका तर खेती नगर्ने जग्गा धनीलाई आफैं खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ ।भूमि बैंकको अवधारणा कार्यान्वयन गरी बाँझो जग्गालाई उत्पादनमा जोड्न प्रोत्साहन गरिनेछ ।

६. कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न लगानी प्रवर्धन, प्रविधि हस्तान्तरण, रोजगारी सृजना, बृहत पशुपालन एवं कृषि कार्यको लागि सार्वजनिक निजी-सहकारी-नागरिक साझेदारी अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

७. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरुलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ।

८. स्वस्थकर पशु आयातलाई प्रोत्साहन गर्न सीमाक्षेत्रमा पशु क्वारेन्टाइन स्थापना गरिनेछ। त्यसका लागि प्रदेश एवं संघसँग समन्वय एवं सहकार्य गरिनेछ।

९. औद्योगिक ग्राम संचालन गर्न आवश्यक पूर्वाधार निर्धारण गरिनेछ ।औद्योगिक ग्राम भित्र उद्योग व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ।

१०. वन पैदावरमा आधारित उद्योग, कृषि उपज प्रशोधन उद्योग, काष्ठकला उद्योग, घरेलु तथा लघु उद्योग विकासका लागि प्रोत्साहन गरिनेछ। बन तथा बनपैदावरको प्रभावकारी उपयोगको लागि उपभोक्ता समितिलाइ थप क्रियाशिल जिम्मेवार बनाइनेछ।

११. नगर क्षेत्रभित्रका बेरोजगार युवा जनशक्तिलाई रोजगारी उपलब्ध गराउन हाउस वाइरिङ, प्लम्बिङ, मुढा बुनाई, झोला बुनाई, बुटीक, दुना टपरी उद्योग, काष्ठकलाका सामग्री उत्पादन कार्यलाई प्रोत्साहन गरिनेछ।शेयर बजार सम्बन्धी तालिम र वितिय साक्षरता क्षमता विकास कार्यक्रम समेत संचालन गरिनेछ।

१२. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न एक वडा एक सहकारीको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। **सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र** भन्ने नारालाई सार्थक बनाउन सहकारी क्षेत्रको वचतलाई उद्यमशिलता विकास, उत्पादनमूलक क्षेत्र, कृषि विकास तथा रोजगारी सिर्जनामा परीचालन गर्न प्रोत्साहन गरिनेछ ।

१३. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रुपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ ।उपभोक्ता जागरण अभियान तथा उपभोक्ता हित मञ्च गठन गरिनेछ।

१४. सबै प्रकारका उद्योग, व्यवसाय, पेशाको दर्ता नविकरण, नियमन, अनुगमनलाई विधिसम्मत, सहभागितामुलक र व्यवसायमैत्री बनाइनेछ।नवयुवा उधमशिलता विकास गर्न वैङ्क उत्पादन र बजारिकरण को त्रिकोणात्मक अवधारणा विकास गरि कार्यान्वयन गरिनेछ।

**पर्यटन क्षेत्र**

१५. नगर क्षेत्रभित्रको भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरीक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रुपमा स्थापित गरिनेछ ।त्यसका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, प्रवर्द्धन गर्न नगर पर्यटन गुरुयोजना तर्जुमा, पर्यटकिय क्षेत्रको नक्शाङ्कन, नविन पर्यटकीय उपजहरुको विकास, पर्यटन पूर्वाधारहरु निर्माण, प्रचार प्रसार गरी एकिकृत पर्यटनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

१६. नगरपालिकाको विशिष्ट पहिचानका रुपमा रहेको प्राकृतिक, धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्वको रुपमा रहेको राइनासकोट क्षेत्र, शिद्धबाबा क्षेत्र, चक्रतिर्थ धाम, जोगी गुफा, धर्मनाथ धाम, झाक्रीथान पन्थेडाडा कालिका मन्दिरलाई राइनास नगरपालिकाको विशेष संरक्षित क्षेत्र घोषणा गरी राइनास हेरीटेजको रुपमा विकास गरिनेछ। मुस्लिम समुदायको मदरसा, मस्जिद र कवरस्थानको निर्माण एवं संरक्षण गरिनेछ। विभिन्न जात जातिहरुको विशिष्ट मौलिक जात्रा, पर्व, मेला, भेष भुषा आदि लगायतको संरक्षण प्रवर्द्धन मार्फत आर्थिक पर्यटनको विकास गरिने छ।

**नगर सभासदज्यूहरु,**

अब म सामाजिक क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक क्षेत्र**

१७. **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री प्रविधियुक्त गुणस्तरीय शैक्षिक वातावरणमा अध्ययन गर्न पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक विच नियमित अन्तरसंवाद गर्ने व्यवस्था मिलाइनेछ । विद्यालय हरीयाली कार्यक्रम, सूचना प्रविधीको व्यवस्था, वाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रुपमा सञ्चालन गरिनेछ।

१८. एक वडा अधिकतम एक माध्यमिक विद्यालय अवधारणा कार्यान्वयन गर्न माध्यमिक विद्यालयलाई गाभ्ने र गाभिने प्रक्रियालाई प्रोत्साहन गर्न शैक्षिक सरोकार राख्ने सबै पेशागत संघ संगठन सहितको विज्ञ संलग्न उच्च स्तरीय

शैक्षिक क्षेत्र पुनसंरचना समिति गठन गरिने छ। उक्त समितिले दिएको सुझावको आधारमा शैक्षिक पूर्वाधार निर्माण, शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान लगायतका कार्यहरु सम्पादन गरिने छ।

१९. सामुदायिक विद्यालयहरुको गुणात्मक विकासका लागि आवश्यक नीति, पूर्वाधार विकास र शिक्षक एवं विद्यालय प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ। आर्थिक रुपमा विपन्न गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा सम्मको पहुच सुनिश्चिन गर्न आवश्यक पहल गरिने छ। साथै अपाङ्ग मैत्रि बालमैत्रि विद्यालयको अवधारणालाई लागु गर्दै जाने नीति अवलम्बन गरिने छ। वाल मैत्री शासनको अवधारणा अनुसरण गर्दै वालमैत्री नगरपालिका रुपमा राइनास नगरपालिकालाई परिचित गराइनेछ।

२०. योग्य, सिपयुक्त प्राविधिक जनशक्ति विकासको लागि प्राविधिकधार संचालित विद्यालयहरुको क्षमता विकास गरिनेछ। शैलपुत्री मा. वि., शिशु विद्याश्रम मा. वि. र शौभाग्योदय मा.वि.को प्रयोगशालाहरुलाई क्रमशः नगरपालिकाको पशु विज्ञान, इन्जिनियरीङ र वाली विज्ञान प्रयोगशाला र नमूना प्रदर्शनी स्थलको रुपमा स्तर उन्नती गरिनेछ।

२१. मौलिकतामा आधारित कक्षा ६ देखि ८ सम्मको स्थानिय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२२. एक वडा एक व्यवस्थित खेलमैदान निर्माण कार्यलाई प्रवर्द्धन गरिनेछ। खेल र खेलाडीमा लगानी अभिवृद्धी गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गरिनेछ। त्यसका लागि वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाउने, खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरुको स्तर निर्धारण गरिनेछ।

२३. सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण सुनिश्चितताको लागि नगद प्रोत्साहनको व्यवस्था गरिनेछ।

२४. कोभिड १९ बाट प्रभावित नागरिकको जिवन रक्षा गर्न तथा सङ्क्रमण न्युन बनाउन संघिय सरकारको सहयोगमा सबै उमेर समुहका नागरिकहरुलाई कोभिड खोपमा सहज पहुँच पुऱ्याइनेछ।

२५. तार्कुघाट स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकीमा रहेको प्रयोगशालालाई स्तरोन्नती गरिनेछ। जेष्ठ नागरिकको आधारभूत उपचार सहितको जेष्ठ नागरिक घरदैलो उपचार सेवा उपलब्ध गराइनेछ ।

२६. संस्थागत प्रसुती सेवालाई विस्तार गरी नागरिकको पहुँचमा पुऱ्याउन स्थापना भएका वर्थिङ सेन्टरलाई थप ब्यवस्थित गरिने तथा ढाड खर्क शहरी स्वास्थ्य केन्द्रलाइ निरन्तरता दिइने छ। महिला स्वयंसेविकालाई प्रोत्साहन, नगर प्रमुख गर्भवती सुत्केरी पोषण प्याकेज, सुत्केरी महिलालाई नगद प्रोत्साहन र स्वास्थ्यकर्मीको सासाहिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।

२७. भौगोलिक अवस्थिति, स्वास्थ्य सेवामा नागरिकको पहुँच र स्वास्थ्यकर्मीको उपलब्धता समेतको अध्ययन गरी प्राथमिकताका आधारमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ।

२८. नागरिकहरुमा आयुर्वेद सेवाको पहुँच पुऱ्याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धि स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

२९. नगरपालिकाको आफ्नै एम्बुलेन्स र शव बाहन सञ्चालन सम्बन्धमा संघ, प्रदेश, सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ। नागरिकलाइ अत्यावश्यक आकस्मिक स्वास्थ्य सेवामा पहुच सुनिश्चित गरिने छ।

३०. हाल सरकारले सरकारी विद्यालयमा संचालन गरिरहेको दिवा खाजाको बिस्तार कार्यक्रमलाई निरन्तरता दिई अझ प्रभावकारी बनाउन ६ कक्षा भन्दा माथि संचालित विद्यालयलाई आवश्यकताको आधारमा खाजा ब्यबस्थापन गर्न थप जनशक्तिको ब्यबस्था मिलाईनेछ।

३१. नागरिकलाई सुलभ र सरल रुपमा स्वास्थ्योपचारको लागि स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरिनेछ। सहोदर सामुदायिक अस्पताललाई प्रथम सम्पर्क अस्पतालको रुपमा विकास गरिनेछ ।साथै दलित, विपन्न तथा अशक्तहरुलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

नगरवासीहरुको जनधनको सुरक्षाको प्रत्याभुत गर्न जिवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका नीति अख्तियार गरिनेछ ।

३२. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भइ उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानविय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइनेछ। नागरिकको तत्काल उपचारको लागि निश्चित रकम आर्थिक सहायता उपलब्ध गराइनेछ । दम, प्रेसर, सुगर लगायतका दिर्घरोगहरुको लागि आवश्यक ९८ प्रकारका औषधि निशुल्क उपलब्ध गराइनेछ।

३३. राइनास नगरपालिकालाई वालवालिकाको हक हित प्रवर्द्धन, प्रतिभा प्रोत्साहन, ५ बर्ष भित्र बालमैत्री नगरपालिका बनाउने लक्ष्य सहित यसै बर्षबाट नगरपालिकाका सबै वडामा बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरिनेछ।

३४. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी रोजगारी प्रत्याभूत गरी स्वालम्बी बनाइनेछ।

३५. महिला उद्यमशिलता प्रवर्द्धन, रोजगारी सृजना र सम्पत्तिमा महिलाको पहुँच विस्तार गर्नका लागि दुना टपरी, सिस्नोको पाउडर, बाँसको हस्तकलाको सामान उत्पादन सम्बन्धी तालिम, बजारीकरण र उद्योग सञ्चालनको लागि बिउ पुँजीको उपलब्ध गराइनेछ।

३६. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न दिवा सेवा कार्यक्रम, जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन, तालिम र अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।त्यसै गरि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु, बेपत्ता भएकाहरुको आश्रित परिवार तथा घाइते योद्धाहरु र पीडितहरुको सम्मान जनक जिवन यापनको लागि सामाजिक सम्मान एवं पुर्नस्थापनाको कार्यक्रमहरु संचालन गरिने छ।

**नगर सभासदज्यूहरु,**

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार क्षेत्र**

३७. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको चक्रपथलाई स्तरोन्नती गरी क्रमशः कालो पत्रे गरिनेछ। यसका लागि प्रदेश र संघसँग समन्वय र सहकार्य गरिनेछ।

३८. पहाडी क्षेत्रको गौरवको योजनाको रुपमा रहेको राइनासटार सिंचाई आयोजनाको संघ र प्रदेश सरकारको समन्वयन र सहकार्यमा पुन निर्माण गरिनेछ।तत्काल मर्मत गर्नुपर्ने स्थानमा स्थायी संरचना निर्माण गरिने छ। राइनासटार सिचाइ योजनाको शाखा विस्तारको लागि साना सिचाइ तथा कुलो निर्माण कार्यलाइ निरन्तरता दिइने छ।

३९. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुऱ्याउन दिगो स्रोतको पहिचान, भु सतहको पानीको उत्खनन र लिफ्टिङ प्रविधि प्रयोगमा ल्याइनेछ।साथै एक घर एक धाराको अवधारणा सम्पन्न गरिने छ।

४०. सबै नागरिकमा विद्युत सुविधा पुऱ्याउन नगर विद्युतीकरण कार्यलाई यसै वर्ष भित्र सम्पन्न गरिनेछ।

४१. नगरपालिका भित्रका मुख्य सडक संरचनाहरु स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुर्याउन पर्याप्त बजेट व्यवस्था गरिनेछ। नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ। पाच वर्ष सम्म एकै प्रकारका गौरवको आयोजनामा निरन्तर वजेट विनियोजन गरि देखिने प्रकृतिको पुर्वाधारमा लगानी गरिने छ।

४२. नगरस्तरीय अस्पतालको रुपमा निर्माणाधिन चक्रतिर्थ अस्पतालको निर्माण सम्पन्न गरी आवश्यक पूर्वाधार सहित स्वास्थ्य सेवा सन्चालनको व्यवस्था मिलाइनेछ।

४३. टोल सुधार समिति, आमा समूह, युवा क्लब लगायतका गैर सरकारी संघ संस्थाको निर्माणाधीन भवन निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ।

४४. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन गुणस्तरिय एवं प्रभावकारी कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ।

**नगर सभासदज्यूहरु,**

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

४५. विकास र वातावरण विच सन्तुलन मिलाउन वातावरणमैत्री संरचना निर्माण गरिनेछ। सडक निर्माण गर्दा वायो इन्जिनियरीङ प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

४६. नगरपालिका भित्रका वन क्षेत्रलाई उत्पादनसँग जोड्नको लागि कृषि वन कार्यक्रम कार्यान्वयन गरिनेछ । वन पैदावरमा आधारित घरेलु तथा साना उद्योग कार्यक्रमलाई जोड दिइनेछ। उत्पादन र आय आर्जन अभिवृद्धि हुने गरी जलवायु अनुकुल वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ।

४७. सरकारी, सार्वजनिक जग्गाहरुको एकिकृत अभिलेख तयार गरिनेछ। सार्वजनिक जग्गाहरुको अभिलेखन तथा संरक्षणको अभियान सुरुवात गरिनेछ।

४८. नगरका घना वस्तीका रुपमा विकसित हुँदै गरेका वोराङखोला बजार, सातविसे बजार, तिनपिप्ले बजार, धमिलिकुवा बजार लगायतका बजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैलाको वर्गिकरण, पुन प्रयोगको लागि नागरिक, समुदाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। पुन प्रयोगमा नआउने फोहोरमैलाहरुको व्यवस्थापनको लागि अस्थायी स्थल छनौट र आवश्यक पूर्वाधार निर्माणको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

४९. विपद प्रभावित क्षेत्रका नागरिकहरुको शिघ्र उद्धार, राहत, पुनस्थापना र पुन निर्माणको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ। कोषको रकम निश्चित कार्यविधिका आधारमा विपद पिडित नागरिकहरुको धनजनको सुरक्षाको लागि खर्च हुने व्यवस्था गरिनेछ। विपद पुर्व तयारी विपद पश्चातको शिघ्र प्रतिकार एवं पुनर्स्थापान गर्ने कार्यमा स्थानिय युवा एवं स्वयंसेवी सघ सस्थाहरुको सहयकार्यमा विपद व्यवस्थापनकार्यमा प्रभावकारीता ल्याइनेछ।

**नगर सभासदज्यूहरु,**

अब म कानून तर्जुमा र कार्यन्वयनसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**कानून तर्जुमा र कार्यन्वयन**

५०. नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन बमोजिम स्थानिय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यक कानून निर्माण गरिनेछ ।

नगरपालिकाको शासन सेवा र विकासको यात्रालाई विधि सम्मत, जवाफदेही, उत्तरदायी र पारदर्शी बनाइ नागरिकहरुमा सुशासनको प्रत्याभुती गर्न विद्यमान कानुनमा आवश्यक संशोधन र परीमार्जन गरिनेछ।

५१. न्यायिक समितिको कार्यलाई छिटो छरितो सरल एवं प्रभावकारी बनाउन मेलमिलापकर्तालाई अभिमुखिकरण, नियमित वैठक संचालन गर्ने तथा स्थानिय स्तरका विवादहरुलाई मेलमिलाप मार्फत निरुपण गर्ने नीति अवलम्बन गरिने छ। यसका लागि आवश्यक कानुनी राय परामर्श लिइने छ।

**नगर सभासदज्यूहरु,**

अब म सार्वजनिक सेवा तथा क्षमता विकाससँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सार्वजनिक सेवा तथा क्षमता विकास**

५२. नगरपालिकाको शासन, सेवा र विकासलाई दिगो, गुणस्तरीय र क्षेत्रगत सन्तुलन मिलाउनको लागि नगरपालिकामा स्थायी जन्म भएका विभिन्न संघ, संस्था, पेशा, व्यवसाय र विज्ञता भएका नगरवासीहरु र अन्य शुभेच्छुक विद्वत व्यक्तिहरुको राय, सल्लाह, सुझावको लागि वौद्धिक सम्मेलन गरी समग्र नगर विकासको प्राथमिकता र रोडम्याप तयार गरिनेछ ।

५३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो, पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाउन नागरिक वडापत्र, नागरिक सहायता कक्ष, स्तनपान कक्ष, टोकन प्रणाली, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण लगायतका व्यवस्थापकीय औजारहरु प्रयोग गरिनेछ। सेवा प्रवाहका सबै प्रकारका गतिविधिलाई नियमन गर्न सबै वडा कार्यालयमा यसै वर्ष सि. सि. टि. भि. जडान गरिनेछ।

५४. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न तल्लीन कर्मचारीलाई पुरस्कृत गरिनेछ भने शैक्षिक गुणस्तर उत्कृष्ट बनाउन खटिएका अब्बल वालविकास, प्रा.वि. र मा.वि. तहका शिक्षक एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ। त्यस्ता शिक्षक एवं कर्मचारीलाई उत्कृष्ट वर्ष कर्मचारी घोषणा गरिनेछ।

५५. आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरी निर्दिष्ट क्षेत्रगत विकासका सूचकहरु प्राप्त गर्न बजेट तर्जुमा र खर्च प्रणालीलाई पूर्वानुमान योग्य बनाइनेछ। त्यसका लागि त्रिवर्षिय बजेट प्रक्षेपण, मध्यकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

५६. नगरपालिकाको सार्वजनिक प्रशासनलाई छिटो, छरितो, भ्रष्टाचारमुक्त, प्रविधिमैत्री, पारदर्शी बनाई सुशासनयुक्त बनाउन भौतिक पूर्वाधार सुदृढिकरण, डिजिटल सेवा प्रणालीको प्रयोग, कर्मचारी दरवन्दी पुनर्संरचना गर्ने, कार्य विवरण लागु गर्ने, कार्य सम्पादन करार गर्ने, क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र चौमासिक कार्य तालिका घोषणा गरी नतिजामुखी प्रशासनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

५७. सेवा प्रवाहलाई प्रविधीमैत्री बनाउन वेभसाइट स्तरोन्नती, डिजिटल नोटिस वोर्ड, डिजिटल नागरिक सेवा सन्तुष्टि सर्वेक्षणको प्लेटफर्मको व्यवस्था गरिनेछ ।सबै प्रकारका राजश्व र भुक्तानी अनलाइन प्रणालीमा आधारित बनाइनेछ। वडा कार्यालयहरुको सेवा प्रवाहलाई छिटो छरीतो बनाउन आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

५८. नगरका निर्वाचित जनप्रतिनिधी र कर्मचारीलाई नागरिक प्रति उत्तरदायी बनाउन नगर प्रमुख नागरिक सम्बाद साप्ताहिक रेडियो कार्यक्रम संचालन गरिनेछ। उप उप्रमुख महिला सम्वाद कार्यक्रम संचालन गरिनेछ ।

५९. त्रैमासिक रुपमा सार्वजनिक सुनुवाइलाई अनिवार्य गरी पारदर्शी सेवा प्रवाहलाई प्रवर्द्धन गरिनेछ। मुख्य बस्तीहरुमा नगर सूचनापाटीको स्थापना र स्थानीय रेडियोसंगको साझेदारी मार्फत नगरका सम्पूर्ण सूचना एवं सन्देशहरु नागरिक समक्ष पुऱ्याइनेछ।

६०. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र सघन अनुगमनलाई जोड दिइनेछ ।उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिनेछ।

६१. गैरसरकारी संस्थाको गतिविधिलाई विधिसम्मत बनाउन दर्ता, नियमन, लेखापरीक्षण कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

**नगर सभासदज्यूहरु,**

अब म राजश्व परीचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**राजश्व प्रणाली तथा कर प्रशासन**

नागरिकको विकास प्रतिको उच्च मागलाई सम्बोधन गर्न आवश्यक स्रोत जुटाउन र सबैलाई विकास अभियानको हिस्सेदार बनाउन प्रगतिशिल कर प्रणाली मार्फत आन्तरीक स्रोत अभिवृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न देहाय अनुसार कराधार तथा कर प्रशासन सुधार सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

६२. मालपोत एवं भूमिकरलाई भूमिको उपयोगिता, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित मालपोत कर संकलन गरिनेछ ।

६३. व्यवसाय करलाई व्यवसायको पूँजी, लगानी, आय, उत्पादन र वातावरणमा पार्ने प्रभाव समेतको आधारमा प्रगतिशिल कर नीति अपनाइनेछ ।सबै प्रकारका पेशा, व्यापार, व्यवसाय र उद्योगलाई करको दायरामा ल्याइनेछ। कर संकलन र कर परिपालनालाई अभिवृद्धि गर्न सेवा प्रवाहलाई कर चुक्तासँग आवद्ध गरिनेछ ।

६४. विद्युतीय शासनलाई प्रोत्साहन गर्न कर प्रशासनलाई अनलाइन प्रणालीमा लगिनेछ । भुक्तानी प्रणालीलाई छिटो छरीतो र सोझै सेवाग्राहीको खातामा रकम जम्मा हुने गरी विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

६५. वार्षिक रुपमा तिर्नुपर्ने सबै कर अग्रिम भुक्तानी गरेमा छुट दिने व्यवस्था गरिनेछ ।

६६. निर्माणमुखी पदार्थको उत्खनन र विक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट हुने व्यवस्था मिलाइनेछ।निर्माणमुखी पदार्थको संकलन एवं विक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफरिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाइनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको नीति तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने राजनीतिक दल, पुर्व जनप्रतिनिधिज्यूहरु, पेशाविद, बौद्धिक जगत, विकास साझेदार, उद्यमी व्यवसायीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।संघ तथा प्रदेश सरकार प्रति समेत हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रकम तर्जुमामा प्रत्यक्ष रुपमा संलग्न हुनुहुने उप–प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभासद्ज्यूहरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सबै नगरबासी आमा, बुबा, दाजुभाई, दिदीबहिनीहरुबाट सक्रिय एवं सार्थक सहभागिताको अपेक्षा समेत गरेको छु ।

**धन्यवाद।**